# बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

## जडिबुटी, कवाडी र जीवजन्तु कर संकलनको लागि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०७।१३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार यस बनेपा नगरपालिका क्षेत्र भित्र उत्पादन भई संकलन भएका जडिबुटी, कवाडी र जीवजन्तु करको लागि आर्थिक वर्ष ०८२।०८३ र ०८३।०८४ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का लिन चाहने योग्य नेपाली नागरिक, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी एकतीसौं दिनको १२:०० बजे भित्रमा रीतपूर्वक बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम कबोल अंक (मु.अ.क.बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (फिर्ता नहुने) |
|---|---|---|---|---|---|
| १. | रा१/२०८२/०८३ | बनेपा नगरपालिका क्षेत्रभित्र उत्पादन भई निकासी हुने जडिबुटी, कवाडी र जीवजन्तु सम्बन्धी कर । | ६०,००,०००।- (साठी लाख रुपैयाँ) | ५ % | रु.३०००।- |

<u>बोलपत्र सम्बन्धी शर्तहरु:</u>

१. बोलपत्र फारम बनेपा नगरपालिकाको राजस्व शाखाबाट रु.३०००।-(तीन हजार रुपैयाँ)(पछि फिर्ता नहुने) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तीसौं दिनको कार्यालय समयसम्ममा बोलपत्र फारम खरिद गर्न र एकतीसौं दिनको १२:०० बजेभित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिनेछ।

३. दर्ता भएका बोलपत्र फारमहरु यो सूचना प्रकाशित भएको एकतीसौं दिनको १३:०० देखि १५:०० बजेभित्र नियमानुसार यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्र, दर्तावाल संस्था/फर्मका हकमा संस्था/फर्म दर्ता तथा नवीकरणको प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र र ०८१।०८२ सम्मको करचुक्ता पेश गरेको हुनुपर्नेछ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो पश्चात कार्यालय खुल्ने पहिलो दिन हुनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि कुनै बाधा पर्ने छैन।

५. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

६. बोलपत्रदाताले धरौटी वापत कबोल अंकको पाँच प्रतिशतले हुन आउने रकम कार्यालयको नेपाल बैंक लि., बनेपा शाखामा रहेको धरौटी खाता नं. ०१५०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक जमानतपत्रको सक्कलै प्रति संलग्न गरेको हुनुपर्नेछ ।

७. स्वीकृत बोलपत्रदातालाई सम्झौताका लागि दिएको म्यादभित्र उपस्थित भई सम्झौता नगरेमा राखिएको धरौटी जफत हुनेछ । स्वीकृत बोलपत्रदाताले सम्झौताको लागि स्वीकृत अंकका दरले हुन आउने कुल रकममा नघट्ने गरी सम्झौता भएको मितिले २०८४ साल श्रावण १५ गतेसम्म म्याद भएको बैंक जमानतपत्र सक्कलै पेश गर्नुपर्नेछ । तर स्वीकृत बोलपत्रदाताले कुल कबोल अंक अग्रीम रुपमा एकमुष्ट बुझाउन चाहेमा कबोल अंकको पाँच प्रतिशत रकम छुट दिईनेछ र अग्रीम दाखिला गर्दा यस कार्यालयको नामको नेपाल बैंक लि., बनेपा शाखामा रहेको आन्तरिक खाता नं. ०१५०३०००००१००१००००००१ मा दाखिला गरेको सक्कलै प्रति सम्झौताका लागि उपस्थित हुँदा पेश गर्नुपर्नेछ ।

८. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी सम्झौता अवधिभरका लागि धरौटीकै रुपमा रहनेछ ।

९. स्वीकृत दररेटभन्दा बढी शुल्क असूल गर्न पाईनेछैन । साथै सम्झौताका कारण तिर्नु/बुझाउनु पर्ने कर दायित्व स्वीकृत बोलपत्रदाताले नै तिर्नु/बुझाउनु पर्नेछ ।

१०. ठेक्का सम्झौता भई कार्यादेश पाएको मितिदेखि प्रारम्भ भई मिति २०८४ असार मसान्तसम्म कायम रहनेछ । यस बमोजिम बोलपत्रदाताले दुई वर्ष अवधिको लागि कबोल गरेको अंकमध्ये ठेक्का संचालन गर्ने अवधिको आधारमा दामासहीले हुन आउने रकम बुझाउनुपर्नेछ ।

११. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.क.(VAT) १३ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

रकम दाखिला गर्ने तालिका:

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. | कैफियत |
|---|---|---|---|
| पहिलो | सम्झौता अगावै | सम्झौता अंकको ५० प्रतिशतले हुन आउने रकम र बाँकी रकमको लागि ठेक्का अवधि समाप्त हुने मितिभन्दा ३० दिन बढी म्याद भएको बैंक जमानत पत्र | बोलपत्र पेश गर्दाको बखत राखिएको धरौटी |
| दोस्रो | २०८३ साल पौष मसान्तभित्र | सम्झौता अंकको २५ प्रतिशतले हुन आउने रकम | रकम समायोजन |
| तेस्रो | २०८४ साल जेष्ठ मसान्त भित्र | बाँकी रकम | नहुनेगरी |

१२. स्वीकृत बोलपत्रदाता ठेकेदारले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन । तोकिए बमोजिमको करशुल्क उठाउने दायित्व स्वीकृत बोलपत्रदाता ठेकेदारको हुनेछ । त्यसमा कार्यालयको कुनैपनि जिम्मेवारी हुनेछैन ।

प्रमुख प्रशासकीय अधिकृत

१३. नेपाल सरकार, प्रदेश सरकार र बनेपा नगरपालिकाबाट समय-समयमा प्राप्त हुने ठेक्का सम्बन्धी निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाताको दायित्व हुनेछ ।

१४. कुनैपनि बोलपत्र कारण खुलाई वा नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । ठेक्का सम्झौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गर्ने निर्णय मान्य हुनेछ ।

१५. यो सूचना यस कार्यालयको Website: www.banepamun.gov.np मा हेर्न सकिनेछ । साथै विस्तृत जानकारीका लागि बनेपा नगरपालिकाको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१६. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

<u>बोलपत्र सम्बन्धी अन्य शर्तहरु:</u>

१. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथि उल्लेखित प्रयोग गरिएका रसिदको एक प्रति नगरपालिकामा बुझाउनुपर्नेछ ।

२. ठेकेदारले उठाउने करशुल्क नगरपालिकाले तोकेको दररेटमा नै उठाउनुपर्नेछ साथै कर संकलन केन्द्रमा साईन बोर्डमा सम्झौता बमोजिमको दररेट स्पष्ट रुपमा लेखि राख्नुपर्नेछ ।

३. जडिबुटी, कवाडी, जीवजन्तु (हाड, सिङ, प्वाँख, छाला) कर संकलन गर्दा नगरभित्र उत्सर्जन भएका प्रचलित कानूनले वर्जित गरेको बाहेकका जडिबुटी, कवाडी र जीवजन्तुको स्रोतबाटमात्र संकलन गर्नुपर्नेछ । यसको लागि राजमार्गमा तगारो राख्न पाईनेछैन । यदि तोकिएको क्षेत्रभन्दा बाहिरको कर संकलन गरेको भनि उजुरी प्राप्त भई प्रमाणित भएमा नगरपालिकाले जुन बखत ठेक्का तोड्न सक्नेछ । यस वापत ठेकेदारले कुनैपनि क्षतिपूर्ति दाबी गर्न पाउनेछैन ।

४. कर संकलन गर्दा प्रचलित कानूनले वर्जित गरेको जडिबुटी, कवाडी र जीवजन्तु (हाड, सिङ, प्वाँख, छाला) बाहेकको वस्तुमा मात्र नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची-५ बमोजिमको दररेटमा गर्नुपर्नेछ । दररेटको अनुसूची नगरपालिकाको वेवसाइट www.banepamun.gov.np मा रहेको आर्थिक ऐन, २०८२ मा हेर्न सकिनेछ ।

५. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनुपर्नेछ । अन्तिम किस्ता समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असूल गरिनेछ।

.........................

प्रमुख प्रशासकीय अधिकृत

प्रमख प्रशासकीय अधिकृत